# गैरआवासीय नेपाली संघ
# अन्तर्राष्ट्रिय समन्वय परिषद्को विधानको व्याख्या, विधान संशोधन सुझाव तथा नियमावलीहरु निर्माण सम्बन्धी नियमावली, २०२१

<u>अन्तर्राष्ट्रिय समन्वय परिषद्बाट पारित भएको मितिः २०२१ जुलाई १७</u>

**प्रस्तावनाः**

गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको विधानलाई समय सापेक्ष परिमार्जन गर्न, गैरआवासीय नेपाली संघको विधान अन्तर्गत विभिन्न नियमावलीहरु निर्माण गर्न एवं निर्माण भएका नियमावलीको आवश्यकता अनुसार संशोधन, विधानको व्याख्या गर्न तथा विधान सम्वन्धी अन्य निर्णय प्रकृया व्यवस्था गर्न बाञ्छनीय भएको हुँदा गैरआवासीय नेपाली संघको विधान २००३ (२०२१ संशोधन सहित) को १७.६ बमोजिम अन्तर्राष्ट्रिय समन्वय परिषद्ले यो नियमावली बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(१) यी नियमहरुको नाम "गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को विधान संशोधन तथा नियमावली निर्माण सम्बन्धी नियमावली, २०२१” रहेको छ ।

(२) यो नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्णय गरेको मिति बाट लागू हुनेछ ।

२. **<u>परिभाषाः</u>**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "**संघ**" भन्नाले गैरआवासीय नेपाली संघलाई जनाउनेछ ।

(ख) "**विधान**" भन्नाले गैरआवासीय नेपाली संघको विधान २००३ (२०२१ संशोधन सहित) लाई जनाउनेछ ।

(ग) "**परिषद्**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषदलाई जनाउँने छ ।

(घ) "**राष्ट्रिय समन्वय परिषद्**" भन्नाले संघको राष्ट्रिय समन्वय परिषदलाई जनाउँने छ ।

(ङ) "**समिति**" भन्नाले विधान व्याख्या, विधान संशोधन सुझाव तथा नियमावली निर्माण समितिलाई जनाउनेछ ।

(च) "**संयोजक**" भन्नाले विधान व्याख्या, विधान संशोधन सुझाव तथा नियमावली निर्माण समितिको संयोजकलाई जनाउनेछ ।

(छ) "**सचिवालय**" भन्नाले संघको कार्यालयलाई जनाउनेछ ।

(ज) "**पदाधिकारी**" भन्नाले अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिवहरु, कोषाध्यक्ष, सहकोषाध्यक्ष, प्रवक्ता, महिला संयोजक, युवा संयोजक, क्षेत्रिय संयोजकहरु, क्षेत्रिय उपसंयोजकहरु, क्षेत्रिय महिला संयोजकहरु, क्षेत्रिय युवा संयोजकहरु, क्षेत्रिय महिला उपसंयोजकहरु र क्षेत्रिय युवा उपसंयोजकहरुलाई सम्झनु पर्दछ ।

(झ) "**सदस्य**" भन्नाले अन्तर्राष्ट्रिय समन्वय परिषद्का सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ञ) "**समिति**" भन्नाले कार्यको प्रकृति अनुसार विधान संशोधन सुझाव समिति वा नियमावली निर्माण समितिलाई सम्झनु पर्दछ ।

३. **<u>विधान संशोधन, विधानको व्याख्या तथा नियमावली निर्माणः</u>**

(१) विधानको दफा २९ को उपदफा २९.१ अनुसार विधानको संशोधन संघको वार्षिक साधारणसभा वा विशेष साधारण सभाले गर्न सक्नेछ ।

(२) विधानको उपदफा २९.१ अनुसार विधान संशोधन उपर छलफल भई तयार भएको प्रस्ताव वार्षिक साधारण सभा वा विशेष साधारण सभामा उपस्थित दुई तिहाई भन्दा बढी प्रतिनिधिहरुको स्वीकृतिमा पारित गर्न सकिने छ ।

(३) विधानको दफा १७.६ अनुसार अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको विधान अन्तर्गत विभिन्न नियमावली निर्माण गर्न सक्नेछ ।

(४) विधान तथा नियमावलीको व्यख्या गर्ने अधिकार उपदफा १४.८ अनुरुप गठित विधानको दफा ३१ अन्तर्गत बनेको ३ सदस्यीय विधान व्याख्या समितिमा रहनेछ ।

(५) विधान कार्यान्वयन भए नभएको अनुगमन गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्ले एक समितिको निर्माण गर्न वा यसको जिम्मेवारी विधान संशोधन सुझाव समितिलाई दिन सक्नेछ ।

(६) विधानको दफा १७.६ अनुसार नियमावली संशोधन सुझाव तथा नियमावलीको निर्माण गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्ले एक **"नियमावली निर्माण समिति"** को गठन गर्नेछ । यस समितिको गठन प्रकृया, काम कर्तव्य र अधिकार यस नियमावलीको नियम ४ वमोजिम हुनेछ ।

४. <u>**विधान व्याख्या समिति गठन प्रकृया, काम र कर्तव्यः**</u>

(१) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले आफ्नो नयाँ कार्यकाल शुरु गरेको तीन महिना भित्रमा विधानको दफा अनुसार एक संयोजक सहित ३ सदस्यीय विधान व्याख्या समिति गठन गर्नेछ ।

(२) यस समितिको संयोजक पूर्व पदाधिकारी, वर्तमान वा पूर्व सल्लाहकार मध्ये बाट एक हुनु पर्नेछ । सदस्यमा एक जना कानुनविद् र विधान संशोधन तथा सुझाव समितिका संयोजक रहने छन् ।

(३) विधानमा कुनै अस्पष्टता भएमा संघको अध्यक्ष वा महासचिवले समितिको संयोजकलाई स्पष्ट पार्न अनुरोध गर्नेछ । संयोजकले अन्य सदस्यहरुसँग परामर्श गरी यसको स्पष्टताका बारे लिखित रुपमा संघको अध्यक्ष वा महासचिवलाई दिनेछ । विधान व्याख्या समितिले गरेको व्याख्या अन्तिम हुनेछ ।

(४) विधान कार्यान्वयन भए नभएको अनुगमन गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्ले एक समितिको निर्माण गर्न वा यसको जिम्मेवारी विधान संशोधन सुझाव समितिलाई दिन सक्नेछ ।

(५) यस विधान संशोधन सुझाव समितिलाई अन्तर्राष्ट्रिय समन्वय परिषद्ले सम्बन्धित देशको स्थानीय सरकारको नियम कानुनको आधारमा बनेको राष्ट्रिय समन्वय परिषद्हरुको विधान, अन्तर्राष्ट्रिय समन्वय परिषद्को विधान तथा नियमावली सम्मत छ छैन् अनुगमन गर्ने जिम्मेवारी दिन सक्नेछ । स्थानीय सरकारको बाध्यात्मक नियम/कानुन बाहेक अन्तर्राष्ट्रिय समन्वय परिषद्को विधान एवं नियमावली अनुसार बनाउन, समायोजन गर्न राष्ट्रिय समन्वय परिषद्लाई सुझाव सल्लाह दिने तथा आवश्यक परेमा सहयोग गर्नेछ ।

(६) विधान संशोधन सुझाव समिति र नियमावली निर्माण समितिले आफ्नो लागि निर्देशिका सूची (Terms of Reference) निर्माण गर्नेछ र अन्तर्राष्ट्रिय समन्वय परिषद्बाट यसको स्वीकृत लिए पछि लागु हुनेछ ।

(७) विधान व्याख्या समिति, विधान संशोधन सुझाव समिति र नियमावली निर्माण समितिको पदावधि चालु अन्तर्राष्ट्रिय समन्वय परिषदको पदावधि समाप्ति भएपछि स्वतः समाप्त हुनेछ ।

५. **<u>विधान संशोधन सुझाव समिति तथा नियमावली निर्माण समितिको गठन प्रकृया, काम, कर्तब्य र अधिकारः</u>**

(१) **<u>गठन प्रकृया:</u>**

(क) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले विधानको संशोधन गर्नु पर्ने आवश्यक ठानेमा एक विधान सुझाव सुझाव समिति र नियमावली निर्माण गर्न आवश्यक परेमा नियमावली निर्माण समिति गठन गर्न सक्ने छ ।

(ख) अन्तर्राष्ट्रिय समन्व परिषदले संघको विधानको उपदफा २९.१ बमोजिम विधान संशोधन सुझाव समितिको संयोजक र नियमावली निर्माण समितिको संयोजक चयन गर्नेछ ।

(ग) सम्बन्धित मनोनित संयोजकले अन्य सदस्यहरुको नाम र आफ्नो विधान संशोधन सुझाव समिति वा नियमावली निर्माण समितिको निर्देशिका सूची (Terms of Reference) परिषद्मा पेश गर्नु पर्ने छ र स्वीकृत भएपछि कार्य संचालन गर्नु पर्नेछ ।

(घ) विधान संशोधन सुझाव समिति र नियमावली निर्माण समितिमा संयोजक सहित बढीमा १५ (पन्ध्र) सदस्य रहने छन् । आवश्यक्ता अनुसार संयोजकले सदस्यहरु मध्ये कसैलाई सह-संयोजक तोक्न सक्नेछ र सल्लाहकारहरु मनोनयन गर्न सक्ने छ ।

(ङ) समितिको समयावधि चालु अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदावधि सकिए पछि समाप्त हुने छ ।

(२) **<u>विधान संशोधन सुझाव समिति र नियमावली निर्माण समितिको काम, कर्तब्य र अधिकार:</u>**
विधान संशोधन सुझाव समिति र नियमावली निर्माण समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी नियमावली तथा निर्देशिका सूचीमा तोकिए अनुसार हुनेछ । यसका साथै विशेषतः विधान संशोधन सुझाव समिति र नियमावली निर्माण समितिको निम्न अनुसारको काम, कर्तव्य र अधिकार हुनेछ ।

(क) समय र समाजको परिवर्तित अवस्था अनुसार परिवर्तन हुँदै जाने, संघको कार्य शैली तथा उद्देश्य एवं परिवर्तन हुँदै जाने, सरकारको नियम कानुन अनुसार संघको विधान अध्यावधिक राख्न विधानमा संशोधन तथा थप घट गर्नु पर्ने हुनाले सो संशोधनको अध्ययन तथा तयारी गरी सोको प्रस्ताव वार्षिक साधारण सभा वा विशेष साधारण सभा समक्ष पेश गर्ने र स्वीकृत भएको बुँदाहरु विधानमा समायोजन गर्ने कार्य विधान संशोधन सुझाव समितिले गर्नु पर्नेछ ।

(ख) समय र समाजको परिवर्तित अवस्था अनुसार परिवर्तन हुँदै जाने, संघको कार्य शैली तथा उद्देश्य एवं परिवर्तन हुँदै जाने, सरकारको नियम कानुन अनुसार संघको विभिन्न नियमावलीलाई अध्यावधिक राख्न विधानमा संशोधन तथा थप घट गर्नु पर्ने हुनाले सो संशोधनको अध्ययन तथा तयारी गरी सोको प्रस्ताव अन्तर्राष्ट्रिय समन्वय परिषद्मा पेश गर्ने र स्वीकृत भएको बुँदाहरु नियमावलीमा समायोजन गर्ने कार्य नियमावली निर्माण समितिले गर्नु पर्नेछ ।

(ग) संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्को विद्यमान विधान अन्तर्गत विभिन्न निकायहरु वा कार्य पद्दतीको व्याख्यात्मक तथा व्यवहारिक एवं विस्तारित रुपमा नियमावलीहरु बनाउने वा नियमावलीमा संशोधनको आवश्यक्ता देखिएमा परिषद्मा प्रस्ताव गर्ने दायित्व नियमावली निर्माण समितिले हुनेछ ।

(घ) विधान संशोधन सुझाव समिति र नियमावली निर्माण समितिको वैठक घटीमा ३/३ महिनामा बस्नेछ । वैठकको आह्वान, छलफलको विषय संयोजकले गर्नेछ । संयोजकको अनुपस्थितिमा वैठकको अध्यक्षता सहसंयोजक वा निजको अनुपस्थितिमा समितिको ज्येष्ठ सदस्यले गर्नेछ ।

(ङ) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको आधारमा निर्णय गरिनेछ । बैठकमा छलफल भई अन्तर्राष्ट्रिय समन्वय परिषद्मा प्रस्ताव गरिएका विषयहरु अन्तर्राष्ट्रिय समन्वय परिषद्ले स्वीकृत गरी सार्वजनिक नगरेसम्म गोप्य रहनेछ ।

(च) विधान संशोधन सुझाव समितिले अन्तर्राष्ट्रिय समन्वय परिषद्को वैठक बस्नु भन्दा ७ दिन अघि आफ्नो कार्य प्रगति विवरण पठाउनु पर्नेछ । अन्तिम कार्य विवरण भने वार्षिक साधारण सभा वा विशेष साधारण सभा हुनुभन्दा एक महिना अघि पेश गर्नु पर्नेछ ।

(छ) विधान संशोधन सुझावले विभिन्न श्रोतबाट सुझावहरु संकलन गरी संशोधन प्रस्ताव तयार गर्नेछ । यी श्रोतहरुमा पूर्व विधान संशोधन सुझाव समितिले दिएका सुझावहरु, विश्व सम्मेलन, साधारण सभा, क्षेत्रीय बैठक तथा सम्मेलन मा प्रतिनिधीहरुले राखेका सुझावहरु, राष्ट्रिय समन्वय परिषद्, अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी र सदस्यहरुबाट तथा गैरआवासीय नेपाली संघका शुभचिन्तकहरुबाट लिईने सुझावहरु आदिलाई लिन सकिनेछ ।

(ज) विधान संशोधन सुझाव समिति र नियमावली निर्माण समितिले आफ्नो कार्य सम्पादन गर्न संघका कुनै पनि सदस्य, पदाधिकारी, व्यक्ति वा राष्ट्रिय समन्वय परिषद्सँग सहयोग माग्न सक्ने छ ।

(झ) विधान संशोधन सुझाव समितिका सदस्यहरुको राष्ट्रिय र अन्तर्राष्ट्रिय समन्वय परिषद्मा कुनै कार्यकारिणी हैसियत हुने छैन । तर नियमावली निर्माण समिति भने त्यस्तो बन्देज रहने छैन ।

६. **<u>नियमावली लागू हुने बारे :</u>**

(१) नियमावली निर्माण समितिले विधानको १७.६ बमोजिम नियमावलीहरुको निर्माण गरी वा संशोधनको प्रस्ताव तयार गरी अन्तर्राष्ट्रिय समन्वय परिषद्मा पेश गर्नेछ ।

(२) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले यस उपर छलफल गरी बहुमतको निर्णयबाट नियमावलीहरु पारित गर्नेछ ।

(३) पारित नियमावलीमा नियमावली निर्माण समितिको संयोजक, र अन्तर्राष्ट्रिय समन्वय परिषद्को महासचिव वा अध्यक्ष मध्ये एकजना गरी दुई जनाले हस्ताक्षर गरे पछि लागू हुनेछ ।

७. **<u>विधान संशोधन प्रकृया बारे :</u>**

(१) विधान संशोधन सुझाव समितिले धारा ३ मा उल्लेख भए बमोजिम विधान संशोधन सुझाव अन्तर्राष्ट्रिय समन्वय परिषद्मा पेश गर्नेछ ।

(२) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले यस उपर छलफल गरी संशोधन प्रस्तावलाई बार्षिक साधारणसभा वा विशेष साधारणसभामा पेश गर्नेछ । उक्त संशोधन प्रस्तावमा विधानको दफा २९.१ मा उल्लेख भए वमोजिम कम्तिमा २५ प्रतिशत अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी र सदस्यहरुको हस्ताक्षर भएको हुनु पर्नेछ ।

(३) अन्तर्राष्ट्रिय समन्वय परिषद्को तर्फबाट विधान संशोधन सुझाव तथा नियमावली निर्माण समितिको संयोजकले विधान संशोधन प्रस्ताव वार्षिक साधारण सभा वा विशेष साधारण सभामा छलफलको लागि पेश गर्नेछ ।

(४) वार्षिक साधारण सभा वा विशेष साधारण सभा उपस्थित प्रतिनिधीहरुको दुई तिहाई बहुमतले संशोधनको प्रस्ताव  पारित गर्नेछ ।

(५) पारित विधानमा विधान संशोधन सुझाव निर्माण समितिको संयोजक र अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयका पदाधिकारीहरुले हस्ताक्षर गर्नु पर्ने छ र सो विधान परराष्ट्र मन्त्रालयबाट प्रमाणित गरे पछि मात्र लागू हुनेछ ।

८. **यसै नियमावली बमोजिम हुनेः**

यस नियमावलीमा लेखिएका कुराहरुको हकमा यसै नियमावली बमोजिम हुनेछ ।

९. **निर्देशन दिन सक्नेः**

(१) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले विधान संशोधन सुझाव समिति र नियमावली निर्माण समितिद्वारा गरिने काम कारबाहीको सम्बन्धमा विधान संशोधन सुझाव समिति र नियमावली निर्माण समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालन गर्नु विधान संशोधन सुझाव समिति र नियमावली निर्माण समितिको कर्तव्य हुनेछ ।

१०. **बाधा अड्काउ फुकाउः**

यस नियमावली अनुसार कार्य गर्दा कुनै बाधा, अड्काउ पर्न आएमा समितिको अनुरोधमा त्यस्तो बाधा अड्काउ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको विधानसँग नबाझिने गरी फुकाउन सक्नेछ ।

८. **खारेजी र बचाउः**

(१) गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को विधान संशोधन तथा नियमावलीहरु निर्माण सम्बन्धी नियमावली, २०१९ खारेज गरिएको छ ।

(२) गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को विधान संशोधन तथा नियमावलीहरु निर्माण सम्बन्धी नियमावली, २०१९ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

।।समाप्त।।